अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १०/०७९/०८० **मितिः**२०७९/०८/२३

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

मिति २०७९ साल माघ २३ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**(१)**अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षात्मक छलफल गरियो।

**(२)**चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत भएका बजेट तथा कार्यक्रमहरु अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुका लागि २०७९ साल कार्तिक मसान्त भित्र उपभोक्ता समिति गठन गरी सम्झौता गर्न म्याद तोकिएकोमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का कारणले समयमा उपभोक्ता समिति गठन गर्न नसकिएकाले बाँकी आयोजनाहरुको उपभोक्ता समिति गठन तथा सम्झौताका लागि आगामी २०७९ साल पौष मसान्तसम्मको समयसिमा तोक्ने निर्णय गरियो ।

साथै, यस नगरपालिकाबाट अर्जुनधारा नगरपालिका वडा नं ५ मा श्री आधारभुत विद्यालय र नवज्योति प्राथमिक विद्यालयको विद्यालय भवन निर्माण र वडा नं ११ मा श्री महारानीगञ्ज माध्यमिक विद्यालय र श्री जुनकिरी सार्वजनिक विद्यालयको विद्यालय भवन निर्माण सम्बन्धि ठेक्का नं AM/NCB/WORKS/02-078/079,AM/NCB/WORKS/03-078/079 को ठेक्का अवधि २०७९ आषाढ मसान्तसम्म रहेकोमा उक्त ठेक्काको लागि २०७९ चैत्र मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**(३)**चालु आर्थिक वर्ष २०७९/०८० मा नगरपालिकाका विभिन्न क्षेत्रहरुमा तटबन्धनका लागि बजेट विनियोजन भएकोमा उक्त आयोजना सञ्चालनका लागि नगरपालिकाका सबै क्षेत्रहरुको अनुगमन गरी उपयुक्त स्थान सिफारिस गर्न वडा नं १,२,३,४,५ र ७ का वडा अध्यक्ष, कार्यपालिकाको पूर्वाधार विकास तथा विपद् व्यवस्थापन समितिका संयोजकहरु भएको १ कार्यदल गठन गर्ने र कार्यदलले अध्ययन अनुगमन गरी दिएको सुझावका आधारमा आगामी बैठकबाट आयोजना सञ्चालन स्थल छनौट गर्ने निर्णय गरियो ।

**(४)**यस अर्जुनधारा नगरपालिकाले नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान मार्फत बाली विज्ञान विषयमा नगरपालिकाका ११ जना विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको र विद्यार्थीहरुको छात्रवृत्ति बापतको रकम भुक्तानीका लागि प्रतिष्ठानबाट निवेदन प्राप्त भएकोमा सो छात्रवृत्ति एवं अध्ययन गरिरहेका विद्यार्थीहरुहरुको अवस्था लगायतका विषयमा अध्ययन गरी सिफारिस गर्न कार्यपालिका सदस्यद्वय श्री कौशिलाल परियार, श्री चन्द्रमाया तामाङ्ग र वडा नं १ का वडा अध्यक्ष श्री उपेन्द्र बस्नेतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**(५)**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा नगरपालिकाको विनियोजनबाट तलब भत्ता तथा सुविधा भुक्तानी हुने गरी सेवा करार गरिएका कर्मचारीहरुको करार अवधि २०७९ कार्तिक मसान्त सम्म कायम गरिएकोमा हाललाई उक्त अवधि थप गरी २०७९ पौष मसान्तसम्म कायम गर्ने निर्णय गरियो ।साथै, सेवा करारमा कार्यरत जनशक्तिहरुको संख्या तथा

अवस्थाका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलले २०७९ पौष १५ भन्दा अगावै प्रतिवेदन दिने गरि समय थप गर्ने गरियो ।

**(६)** अर्जुनधारा नगरपालिका वडा नं ४ मा पर्ने बाँगेडाँगी गाउँ टाङटिङ खोलामा झोलुङ्गे पुल निर्माण गर्नु आवश्यक रहेको र उक्त स्थानमा झोलुङ्गे पुल निर्माण हुँदा सुकुम्वासी बस्ती तथा दहिझोडा दुवै तर्फबाट करिब २५०० जनसंख्या प्रत्यक्ष लाभान्वित हुने हुँदा उक्त स्थानमा झोलुङ्गे पुल निर्माणका लागि सस्पेन्सन वृज डिभिजन कार्यालय पुल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

**(७)** अर्जुनधारा नगरपालिका वडा नं ११ जुनकिरी सार्वजनिक विद्यालय छेउ हिलेखोलाको पुल छेउमा घर भएका भेषबहादुर राईको घर पुल निर्माण गर्दा भत्कने अवस्थामा रहेको र निजको आर्थिक अवस्था कमजोर भई तत्काल निजले अर्को आवाश बनाउन सक्ने अवस्था समेत नरहेकोमा अघिल्लो आर्थिक वर्षमा नगर कार्यपालिकाको मिति २०७९/११/३० गतेको बैठकबाट निजलाई आवाश निर्माण गर्न रु १ लाख दिने भनी निर्णय भएकोमा विविध कारणवश निजको घर निर्माण हुन नसकेकोमा निजको आवाश पुननिर्माणका लागि नगरपालिकाको प्रस्तावनामा आधारित कार्यक्रम शीर्षकबाट रु १ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**(८)** विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ३ का विपन्न नागरिकहरुको स्वास्थ्य विमा कार्यक्रमका लागि गत आर्थिक वर्षमा विनियोजित बजेटबाट प्राविधिक कारणवश स्वास्थ्य विमा गर्न नसकिएकोमा चालु आर्थिक वर्षमा वडा समितिले छनौट गरेका ५० जना विपन्न नागरिकहरुको स्वास्थ्य विमा कार्यक्रमका लागि प्रस्तावनामा आधारित कार्यक्रम शीर्षकबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

**(९)** अर्जुनधारा नगरपालिका भित्र विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालनका लागि कार्यालयमा प्राप्त निवेदन बमोजिम निम्न बमोजिम कार्यक्रम तथा आयोजनाका लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना/कार्यक्रम | रकम (रु) | खर्च लेख्ने श्रोत |
|---|---|---|---|
| १ | चासोक ताङ्नाम कार्यक्रम सञ्चालन सहयोग | १ लाख | सामाजिक सेवा अनुदान |
| २ | शनिश्चरे प्रहरी चौकीको जीप मर्मत | ९५ हजार | सवारी साधन मर्मत |
| ३ | सशस्त्र प्रहरी बल कप्तानबारीको जीप मर्मत | २ लाख ३८ हजार | सवारी साधन मर्मत |
| ४ | अर्जुनधारा-५ मुसिचौकको जीर्ण कल्भर्ट मर्मत | लागत बमोजिम | मर्मत सम्भार कोष |
| ५ | गणेश आ.वि.अर्जुनधारा-१ मर्मत सम्भार | ५ वण्डल जस्तापाताको लागत बमोजिम | मर्मत सम्भार कोष |
| ६ | अर्जुनधारा-९ मा अन्तराष्ट्रिय स्तरको फुटबल खेल प्रतियोगिता सञ्चालानार्थ सहयोग | १ लाख ५० हजार | प्रस्तावनामा आधारित |

**(१०)** चालु आर्थिक वर्ष २०७९/०८० मा नगरपालिकाका सबै वडाहरुमा पेभर्स विच्छ्याउनका लागि सम्बन्धित वडा कार्यालयहरुबाट छनौट भई आएका अनुसुचि १ बमोजिमका सडकहरु छनौट गर्ने र छनौट भएका सडकहरुमा पेभर्स लगाउने योजना सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**(११)** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा प्रवर्द्धन केन्द्रमा शेयर लगानीका लागि विनियोजित बजेट मध्ये रु १० लाख भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**(१२)** चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिका भित्र पार्किङ्ग व्यवस्थापनका लागि रु ७ लाख बजेट व्यवस्था भएकोमा उक्त रकमलाई नगरपालिका परिसर सौन्दर्यीकरणमा रकमान्तर गरी कायम हुने बजेटबाट नगरपालिका परिसर सौन्दर्यिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**(१३)** पूर्वाधार विकास कार्यालय झापाको कार्यक्रम अनुसार अर्जुनधारा नगरपालिका वडा नं २ मा रहेको ठूलो नेते खोला मोटरेबल पुल योजना अर्जुनधारा नगरपालिका वडा नं २ र रोङ गाउँपालिकाको सिमानामा पर्ने दुधे खोलामा दुवै स्थानीय तहको आवश्यकता तथा औचित्यको आधारमा प्रभावकारी हुने भएकाले सो योजनाको नाम तथा स्थान परिवर्तन गरी दुधे खोला मोटरबेल पुल बनाउने गरी सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**(१४)** यस नगरपालिकाले चालु आर्थिक वर्षमा प्रारम्भिक वातावरणीय परीक्षण (आइ.इ.इ.)गरी नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका लागि ठेक्का बन्दोवस्त गरिएकोमा ती क्षेत्रहरुबाट नदीजन्य पदार्थको उत्खनन गरी तोकिए बमोजिमको शुल्क नबुझाई अनाधिकृत ढंगले ओसार पसार गरिएको पाइएमा त्यस्ता सवारी साधन पक्राउ गर्ने र कार्यालयमा देहाय बमोजिम शुल्क बुझाए पछि मात्र सवारी साधन छोड्ने निर्णय गरियो ।

- टयाक्टरः रु ५ हजार
- ट्रिपरः रु १० हजार
- हाइवाः रु १५ हजार

**(१५)** अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहेको ग्रेडर हाल मर्मत गर्नुपर्ने अवस्थामा रहेको, मर्मतका लागि प्राविधिकबाट लागत अनुमान तयार गर्दा करिब २० लाख भन्दा ज्यादा लाग्ने भएको र सो मर्मतका लागि चालु आर्थिक वर्षमा सवारी साधन मर्मतका लागि विनियोजित बजेटबाट अपुग हुने देखिएकाले तत्कालका लागि उक्त सवारी साधन मर्मत नगर्ने र उक्त उपकरणका सञ्चालकलाई सेवा करार अन्त्य गर्ने निर्णय गरियो ।

अनुसुची १

(निर्णय नं १०सँग सम्बन्धित)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ठेगाना |
|---|---|---|
| १ | शंकराचार्य मार्गबाट वडा कार्यालय हुदै जनयुद्ध मार्ग | अर्जुनधारा-१ |
| २ | वडा कार्यालय परिसर पेवर्स विच्छयाउने र कम्पाउण्ड वाल निर्माण | अर्जुनधारा-२ |
| ३ | खुदुनावारी स्वास्थ्य चौकी जाने बाटो अभियान सहकारी अगाडी नक्साको बाटो | अर्जुनधारा-३ |
| ४ | मदन आश्रित मार्ग कालोपत्रे दक्षिण अर्जुनधारा स्वास्थ्यचौकीसम्म जाने बाटोमा पेभल्स | अर्जुनधारा-४ |
| ५ | वडा कार्यालय आउने बाटो ४०० मि पेभल्स | अर्जुनधारा-५ |
| ६ | अर्जुनधारा- ६ र बिर्तामोड १ सिमाना शान्तिटोल डुङ्गाडागी ५०० मि पेर्भेज विच्छयाउने काम । | अर्जुनधारा-६ |
| ७ | मिलडाडा चौकबाट दक्षिण जाने बाटो ५०० मि पेर्भेज विच्छयाउने काम । | अर्जुनधारा-७ |
| ८ | शनिश्चरे बजार आसपासको बाकी स्थान | अर्जुनधारा-८ |
| ९ | सृजना बोर्डिङ उत्तर मायानाथ घिमिरेको घर हुदै ८ न. सिमानासम्मको बाटो | अर्जुनधारा-९ |
| १० | तारी डाडा देखि सिमल चोकसम्म पेवर्स | अर्जुनधारा-१० |
| ११ | असोक प्रधानको घर दक्षिण १७५ मि पेभल्स | अर्जुनधारा-११ |
| १२ | हलेसी मार्ग २०० मि पेभल्स | अर्जुनधारा-११ |
| १३ | वडा कार्यालय आउने बाटो १२५ मि पेभल्स | अर्जुनधारा-११ |